नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

## प्रविधि हस्तान्तरणका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी म्याद थप गरिएको सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०८/०५)

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको **मधेश प्रदेश** र **कर्णाली प्रदेशमा** प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी मिति २०८२/०७/१३ गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८२/०८/०३ सम्म रहेकोमा सो अवधिभित्र पर्याप्त आवेदन पेश नभएकाले मिति २०८२/०८/०५ देखि मिति २०८२/०८/११ गतेसम्म ७ (सात) दिन म्याद थप गरिएको छ ।यस केन्द्रको बेवसाईट https://www.mcsipc.gov.np मा रहेको प्रविधि हस्तान्तरण पोर्टल वा https://techtransfer.mcsipc.gov.np/login मा लगइन गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि मोबाइल नम्बर ९७४१६६३६५८ वा ९८१३४७८७०६ मा समेत सम्पर्क गर्न सकिने ब्यहोरा सूचित गरिन्छ।

### मधेश प्रदेश र कर्णाली प्रदेशका लघु, घरेलु तथा साना उद्यमीलाई प्रविधि हस्तान्तरणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी कान्तिपुर दैनिकमा मिति २०८२/०८/०५ मा प्रकाशित म्याद थप सूचना सम्बन्धी विस्तृत विवरण

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ बमोजिम योग्यता पुगेका मधेश प्रदेश र कर्णाली प्रदेश भित्र सञ्चालनमा रहेका उत्पादनमूलक/खनिजजन्य वस्तु प्रशोधन गर्ने/प्राथमिक उत्पादन क्षेत्र बाहेकका कृषिजन्य, पशुजन्य र वनजन्य प्रशोधन गर्ने लघु, घरेलु तथा साना उद्योगलाई उत्पादन विस्तार, उत्पादकत्व अभिवृद्धि, उत्पादन विविधीकरण र प्रदूषण न्यूनीकरण गर्न कम्तिमा ५ लाख र बढिमा जतिसुकै मूल्य पर्ने मेशिन/औजार/उपकरण खरिदमा न्युनतम ३ लाख र अधिकतम १० लाखसम्म अनुदान रकम उपलब्ध गराइने भएकाले सो सीमाभित्रको प्रविधि आवश्यक भएका ईच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रको बेवसाईट **https://www.mcsipc.gov.np** मा रहेको प्रविधि हस्तान्तरण पोर्टल वा **https://techtransfer.mcsipc.gov.np/login** मा लगइन गरी प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। अन्य विस्तृत जानकारी तथा शर्तहरु देहायमा उल्लेख गरिएको छ।

१. कार्यक्रम सञ्चालनको स्थान र क्षेत्रः

यस कार्यक्रममा कर्णाली प्रदेश र मधेश प्रदेशमा सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगले प्रस्ताव पेश गर्न सक्नेछन्।

२. उद्योगको न्यूनतम योग्यताः

प्रस्ताव पेश गर्न ईच्छुक उद्योगले कार्यविधिको दफा ५ बमोजिम देहायको न्यूनतम योग्यता पुरा गरेको हुनुपर्नेछ। अन्यथा मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछैन।

(क) प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता भई सम्बन्धित प्रदेशमा सञ्चालनमा रहेको;

(ख) प्राइभेट फर्म ,साझेदारी फर्म ,कम्पनी वा सहकारी संस्था उद्योगको रूपमा उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको;

(ग) उद्योगले स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर नम्बर लिएको:

(घ) उद्योगले गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र लिएको;

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र त्रिपुरेश्वर, काठमाडौं

(ङ) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम होल्डिङ्ग तथा लगानी कम्पनीको रूपमा दर्ता नभएको।

३. उद्योगको किसिमः

उत्पादनमूलक उद्योग / खनिजजन्य वस्तु प्रशोधन उद्योग / प्राथमिक उत्पादनका क्षेत्र बाहेकका कृषिजन्य, पशुजन्य र वनजन्य प्रशोधन उद्योग (कृषि, पशु र वन क्षेत्रमा प्राथमिक उत्पादन मात्र गर्ने बाहेक प्राथमिक उत्पादनको प्रशोधन गरी द्वितीयक वा अन्य वस्तु उत्पादन गर्ने उद्योग) लाई मात्रै प्रविधि हस्तान्तरण कार्यक्रममा सहभागी गराइनेछ।

४. प्रविधि हस्तान्तरणको रकमको सीमाः

प्रविधि हस्तान्तरण कार्यक्रम लघु, घरेलु तथा साना उद्योगसँग लागत सहभागिताको आधारमा सञ्चालन गरिनेछ। प्रविधि खरिदका लागि प्रविधि हस्तान्तरणको अनुदान रकम न्यूनतम तीन लाखदेखि अधिकतम दश लाख रुपैंयासम्म हुनेछ। छनोट भएका उद्योगलाई केन्द्रले स्वीकृत गरेको प्रविधिको लागत रकमको साठी प्रतिशत वा दश लाख मध्ये जुन कम हुन आउँछ त्यति रकम सोधभर्ना गरी उपलब्ध गराइनेछ।

५. मूल्याङ्कनका आधारः

न्यूनतम योग्यता पुगेका प्रस्तावलाई देहायको आधारमा मूल्याङ्कन गरी बजेटको सीमाभित्र पर्ने गरी योग्यताक्रमका आधारमा उद्योग छनौट गरिने भएकाले मूल्याङ्कनको आधार पुष्टि गर्ने तोकिएका कागजात अनिवार्य पेश गर्नुपर्नेछ। अन्यथा न्यूनतम मूल्याङ्कन गरिनेछ।

(क) उद्योगको पूँजीगत संरचना

(ख) उद्योगमा लैङ्गिक तथा समावेशीकरण

(ग) प्रत्यक्ष रोजगारी सिर्जना

(घ) उद्योग सञ्चालन अवधि

(ङ) भौगोलिक क्षेत्र

(च) प्रस्तावको औचित्यता(पेस गरेको प्रस्ताव)

(छ) बौद्धिक सम्पत्ति दर्ता (दर्ता प्रमाणपत्र/अनुमति)

(ज) प्राविधिक क्षमता उद्योगी तथा उद्योगमा कार्यरत कर्मचारीले लिएको व्यवस्थापन र)

(प अभिबृद्धिको तालिम लिएको अवधि खुल्ने प्रमाणपत्रसी

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

(झ) उद्योगले पछिल्लो तीन आ.व मा नाफा गरेबापत आयकर रकम तिरेकोकर चुक्ता )
(प्रमाणपत्र

६. उद्योगको निरीक्षण:

उद्योगको स्थलगत निरीक्षण गर्न तथा उद्यमीबाट थप विवरण माग गर्न वा लिखित रूपमा स्पष्ट पार्नमा उद्योगले सहयोग गर्नुपर्नेछ अन्यथा कार्यक्रममा समावेश गरिनेछैन।

७. प्रविधिको स्पेसिफिकेसन र लागत अनुमान:

प्रविधिको अन्तिम स्पेसिफिकेशन र लागत अनुमान केन्द्रले स्वीकृत गरे बमोजिम हुनेछ र सोही सीमाभित्र रहने गरी प्रविधि रकम उपलब्ध गराइनेछ। कुनै उद्योगले माग गरेको प्रविधिको स्पेशिफिकेशन वा लागत अनुमान तयार गर्न सम्भव नहुने भएमा त्यस्तो प्रविधिलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

८. प्रविधि जडानको समयसीमा:

प्रविधि हस्तान्तरणका लागि छनौट भएपश्चात केन्द्र र उद्योगबिच प्रविधि हस्तान्तरण सम्झौता गरिनेछ र सम्झौता भएको मितिले पचहत्तर दिनभित्र प्रविधि जडान तथा सञ्चालन गरी स्थानीय तहको सिफारिस सहित उद्योगले शोधभर्ना रकम माग गरी सक्नु पर्नेछ।

९. अनुदान रकम उपलब्ध नहुने अवस्था:

समयमा शोधभर्ना रकम माग नगरेमा तथा स्वीकृत स्पेशिफिकेशन बाहिरको प्रविधि खरिद तथा जडान भएमा केन्द्रले सम्झौता अनुसारको रकम उपलब्ध गराउने छैन।

१०. प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय:

प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८२/०८/११ गते राती १२ बजेसम्म हुनेछ।

११. प्रस्ताव पेश गर्ने तरिका:

केन्द्रको वेबसाइट **www.mcsipc.gov.np** मा रहेको "प्रविध हस्तान्तरण पोर्टल" मा वा "सूचना केन्द्र" मेन्यु भित्र "प्रविधि आवेदन" ट्याबमा क्लिक गरी वा कुनै ब्रोजरमा https://techtransfer.mcsipc.gov.np/login टाइप गरी सो अनलाइन पोर्टलमा प्रवेश गर्नुपर्नेछ।

सो पोर्टलमा राखिएको युजर गाइड लिङ्कमा क्लिक गरी सो भिडियोले बताए अनुसार युजर आइडी बनाई सो मार्फत लग इन गरी अनलाईन माध्यमबाट प्रस्ताव पेश गर्नुपर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र
त्रिपुरेश्वर, काठमाडौं

कुनै समस्या आइपरेमा मोबाइल नम्बर ९७४१६६३६५८ वा ९८१३४७८७०६ मा समेत सम्पर्क गर्न सकिनेछ।

१२. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातः

(क)उद्योग दर्ता/नवीकरण प्रमाणपत्र

(ख)उद्योगको ठेगाना परिवर्तन भएमा ठेगाना परिवर्तनको पत्र,

(ग) उद्योगको पुँजी परिवर्तन भएमा पुँजी परिवर्तनको पत्र,

(घ) स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,

(ङ) उद्योगको गत आव..को कर चुक्ता प्रमाणपत्र,

(च) उद्योगको स्थापना अवधि तीन वर्ष भन्दा बढी भएमा गत तिन आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(छ)उद्योगमा कार्यरत जनशक्तिलाई नियुक्ति दिएको भएमा नियुक्ति पत्र र तलब भुक्तानीको प्रमाण (गत आर्थिक वर्षको तलवी भरपाई वा बैंक स्टेटमेन्ट)

(ज) उद्योगमा कार्यरत जनशक्तिले व्यवस्थापन र सीप अभिबृद्धिको तालिम लिएको भएमा व्यवस्थापन वा सीप अभिबृद्धिको तालिम लिएको अवधि खुल्ने प्रमाणपत्र,

(झ) बौद्धिक सम्पति दर्ता गरेको भएमा सोको प्रमाणपत्र वा अस्थाई ईजाजतपत्र (पेटेण्ट/डिजाईन/ट्रेडमार्क)

(ञ) उद्योगको स्वामित्वमा महिला, अपाङ्ग वा दलितको हिस्सेदारी भएमा सो पुष्टि हुने कागजात र उद्योगमा स्वामित्व खुल्ने कागजात,

१३. कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत जानकारीका लागि केन्द्रको वेबसाइटमा रहेको "प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" अध्ययन गर्न सकिनेछ। साथै कार्यक्रम सम्बन्धी अद्यावधिक जानकारीका लागि केन्द्रको वेवसाइटको सूचना पाटीमा राखिने सूचना हेरी स्वयम् उद्योगले प्राप्त गर्नुपर्नेछ। यस सम्बन्धमा छुट्टै व्यक्तिगत सूचना दिनुपर्ने गरी माग वा गुनासो आएमा कुनै सुनुवाई गरिनेछैन।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र
त्रिपुरेश्वर, काठमाडौं